धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३४५ ◆ २०८३ असार १७ गते बुधबार, Wednesday, July 1, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/–

## नारायणगढ-मुग्लिन सडकमा पहिरो पन्छाउने उपकरण तयारी अवस्थामा

चितवन। वर्षात् सुरु भएसँगै नारायणगढ-मुग्लिन सडकखण्डमा पहिरो पन्छाउनका लागि उपकरणसहित जनशक्ति तयारी अवस्थामा राखिएको छ। सडक डिभिजन कार्यालय भरतपुरले आफ्नो कार्यक्षेत्र रहेको मुग्लिन-नारायणगढ सडकखण्ड र कालीगण्डकी करिडोरमा वर्षायाममा हुनसक्ने पहिरोको जोखिमलाई मध्यनजार गर्दै आवश्यक उपकरण तयारी अवस्थामा राखेको हो।

कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर नारायण लामिछाने का अनुसार वर्षात्को समयमा पहिरो खस्न सक्ने जोखिम रहेका स्थानमा पहिरो गई सडक आवागमन अवरुद्ध हुनसक्ने अवस्थालाई मध्यनजर राख्दै आवश्यक उपकरण राखिएको हो।

उहाँका अनुसार मुग्लिन क्याम्पमा एक लोडर, सेती दोभान क्याम्पमा एक एक्स्काभेटर, एक लोडर र एक ब्याकहोलोडर पहिरो पन्छाउनका लागि तयारी अवस्थामा राखिएको छ। यस्तै सडक डिभिजन कार्यालय परिसरमा एक ब्याकहोलोडर तथा कालीगण्डकी करिडोरमा एक लोडर तयारी अवस्थामा राखेको उहाँले जानकारी दिनुभयो।

पहिरोका कारण सडक अवरुद्ध भएमा तत्काल हटाई सवारी आवागमन लाई चुस्त र नियमित सञ्चालन राख्ने उद्देश्यले उपकरण अपरेटरसहित तयारी अवस्थामा राखिएको उहाँले बताउनुभयो। नारायणगढ-मुग्लिन सडक वर्षात्को समयमा लेदोसहितको पहिरो र हिँउदको समयमा सुक्खा पहिरोका कारण पटकपटक अवरुद्ध हुने गर्दछ। काठमाडौँ प्रवेश गर्ने मुख्य नाकाका रूपमा रहेको यस सडकमा दैनिक १० हजारभन्दा बढी सवारी आवतजावत गर्दछन्।

## भोजपुरमा प्राविधिक कुटिए

भोजपुर। भोजपुर-मानेभञ्ज्याङ बैकुण्ठे वासीखोरा बालङ्खा-रानीटार सडक स्थलगत अनुगमनका लागि रामप्रसाद राई गाउँपालिका पुगेका प्राविधिक आनन्दकुमार शाहलाई कार्यरत कामदारको समूहले कुटपिट गरेको घटना सार्वजनिक भएको छ।

कुटपिटबाट घाइते प्राविधिक शाहलाई उपचारका लागि विराटनगर पठाइएको छ। शाहको टाउकोमा गम्भीर चोट पुगेको छ। अनुसन्धानका लागि छ जना कामदारलाई मंगलबार नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी नायब उपरीक्षक राजु लामाले जानकारी दिनुभयो।

प्रितम राई, ज्ञानबहादुर राई, इन्द्रबहादुर राई, दुर्गाप्रसाद राई, प्रदीप राई र नीरज बोगटीलाई प्रहरीले अनुसन्धानका लागि रेखदेखमा लिएको छ। घटनाको दुवै तर्फबाट यथार्थ विवरण लिएपछि कानुनअनुसार कारबाही प्रक्रिया अघि बढ्ने बताइएको छ।

कार्यक्षेत्रमा हुने घटनाले सुरक्षा चुनौती बढेको भन्दै पूर्वाधार विकास कार्यालय भोजपुरले संलग्नमाथि छानबिन गरी कारबाही गर्न माग गरेको छ।

## कान्ति लोकपथमा रातको समयमा यात्रा नगर्न प्रशासनको आग्रह

बागमती। जिल्ला प्रशासन कार्यालय, मकवानपुरले कान्ति लोकपथ (हेटौँडा-काठमाडौँ सडकखण्ड) मा रातको समयमा यात्रा नगर्न र नगराउन सबैमा आग्रह गरेको छ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्तराज अधिकारीले मंगलबार जारी गर्नुभएको सूचनामा असार १६ र १७ गते बेलुका ५.०० बजेदेखि भोलिपल्ट बिहान ५.०० बजेसम्म कान्ति लोकपथ (हेटौँडा-काठमाडौँ सडकखण्ड) हुँदै कुनै पनि प्रकारको यात्रा नगर्न तथा नगराउनुहुन आग्रह गरिएको छ।

नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी गरिएको 'आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध' सम्बन्धी सूचनाअनुसार विसं २०८३ असार १६ र १७ गते देशका विभिन्न भागमा भारीदेखि अतिभारी वर्षा हुने, पहाडी तथा हिमाली क्षेत्रमा पहिरो, सडक अवरोध, गेग्रान बहाव, बाढी तथा नदीमा जलसतह बढ्ने सम्भावना रहेको प्रशासनको सूचनामा भनिएको छ।

ताल, नदी, खोला तथा अन्य जलाशयमा माछा मार्ने, पौडी खेल्ने, डुङ्गा सञ्चालन गर्ने, नदी तर्ने लगायतका जोखिमयुक्त गतिविधि नगर्न तथा नगराउन आग्रह गर्दै प्रशासनले पहिरो, बाढी तथा डुबानको जोखिम रहेका क्षेत्र, नदी किनार तथा भिरालो स्थानमा अनावश्यक आवतजावत नगर्न तथा विशेष सतर्कता अपनाउन भनेको छ।

मौसम तथा सडकको अवस्था सम्बन्धी आधिकारिक सूचना तथा सुरक्षा निकायबाट जारी हुने निर्देशनको पालना गर्न तथा सुरक्षित भएपछि मात्र यात्रा गर्न तथा कुनै विपद्जन्य घटना वा आपत्कालीन अवस्था सिर्जना भएमा तत्काल नजिकको सुरक्षा निकाय, स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमा रहेको आपतकालीन कार्य सञ्चालन केन्द्रको निशुल्क फोन नं ११४९ मा जानकारी गराउन पनि अनुरोध गरिएको छ।

वर्षात्को समयमा जोखिमको परिस्थितिको मूल्याङ्कनको आधारमा जिल्लाभित्रका कुनै पनि सडकमा सुरक्षाकर्मीद्वारा निश्चित समयको लागि आवागमन रोक्न सक्ने भएकाले सो कार्यमा सबैबाट सहयोग, समन्वयका लागि प्रशासनले सबैमा आग्रह गरेको छ। काठमाडौँ सडकखण्ड) हुँदै कुनै पनि प्रकारको यात्रा नगर्न तथा नगराउनुहुन आग्रह गरिएको छ।

## चुनावमा सबैभन्दा बढी मिथ्या सूचना सामाजिक सञ्जालबाट

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ। गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा सबैभन्दा बढी मिथ्या सूचना सामाजिक सञ्जालबाट फैलाइएको पाइएको एक अनुसन्धानले देखाएको छ। सेन्टर फर मिडिया रिसर्च (सिएमआर)ले गरेको अनुसन्धान प्रतिवेदन अनुसार निर्वाचनको समयमा सामाजिक सञ्जालमार्फत सबैभन्दा बढी मिथ्या सूचना प्रवाह भएको थियो।

मंगलबार आयोजित कार्यक्रममा सिएमआरका कार्यकारी निर्देशक तिलक पाठकले निर्वाचनका समयमा गरिएको अनुसन्धानमा सबैभन्दा बढी अर्थात् ८७ प्रतिशत मिथ्या सूचना सामाजिक सञ्जालले फैलाएको पाइएको जानकारी दिनुभयो। सामाजिक सञ्जालमा पनि सबैभन्दा ठूलो मिथ्या सूचनाको बाहक फेसबुक रहेको पनि उक्त अनुसन्धानबाट खुलेको उहाँको भनाइ छ। त्यसपछि सबैभन्दा बढी मिथ्या सूचनाको बाहक आर्टिफिसिएल इन्टेलिजेन्स (एआई) निर्मित सामग्रीहरू पाइएको पनि सो अनुसन्धान प्रतिवेदनमा उल्लेख छ। यस्ता सामग्रीको बाहक पनि अधिकांश सामाजिक सञ्जाल नै रहेको र कतिपयले अन्य माध्यमबाट पनि सम्प्रेषण एवं प्रचारप्रसार गर्ने गरेका पाइएको छ। यस्ता कतिपय भिडियो या सामग्री मनगढन्ते र सन्दर्भ बङ्ग्याइएको अवस्थामा पाइएका पनि भेटिएको थियो। पूरै काल्पनिक या कृत्रिम सामग्री निर्माण, नयाँ घटनाजस्तो बनाएर पुराना फुटेजहरूको प्रयोग, घटना भएकै जस्तो गरी निर्माण गरिएका दृश्यहरू मिथ्या सूचनाका रूपमा प्रयोगमा ल्याइएको अनुसन्धानका क्रममा पाइएको थियो।

सो अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्दै कार्यकारी निर्देशक पाठकले एआई अहिलेको अवस्थामा हेर्दा मिथ्या सूचना निर्माणकर्ता जस्तो देखिए पनि यो प्रमुख नभएर हाल उदाउँदो अवस्थामा रहेको र मुख्य बाहक त फेसबुकसहितका सामाजिक सञ्जालहरू देखिएको बताउनुभयो। त्यस क्रममा आएका मिडियाका सामग्रीको तथ्य जाँच भएको भए पनि तथ्यजाँचकर्तासँग पर्याप्त मात्रामा एआई पहिचान गर्ने उपकरण नभएको सम्पादित भिडियो नै प्रयोग हुने गरेकाले त्यो बढी चूनौतीपूर्ण रहेको उहाँले बताउनुभयो। पत्रकारिताका सामग्रीहरू पनि मिथ्या सूचनालाई प्रवर्द्धन गर्नेगरी उत्पादन भएका पाइएको तर ती समाचार सामग्रीको भने तथ्या जाँच गर्ने काम भएको पनि सो अनुसन्धानमा पाइएको छ। राज्यका तर्फबाट, निर्वाचन आयोग, नागरिक समाज, मिडिया, स्वयं राजनीतिक दल र उम्मेदवारहरूले पनि यस्ता मिथ्या सूचनाको तथ्यजाँच गर्ने गरेका तर ती प्रयास पनि अपुग रहेका सो अनुसन्धानमा पाइएको छ। त्यस्तै सामाजिक सञ्जालमा प्रयोग गरिएका कतिपय पोष्टहरू पछि मेट्ने गरिएकाले तिनलाई पछि पुनःपुष्टि गर्न सजिलो नभएको पाइएको छ। यसरी तथ्य जाँचपछि कतिपय सामग्री सामाजिक सञ्जालबाट हटाइएको र यसका लागि मेटा कम्पनीसँग निर्वाचन आयोगले सम्झौता पनि गरेको थियो। साथै सो अनुसन्धानले निर्वाचनपूर्व द्रूत प्रतिक्रिया संयन्त्र स्थापना गर्न, सामाजिक सञ्जाल प्लेटफर्म जवाफदेहिताको आधिकारिक र अधिकार सहितको ढाँचा निर्माण गर्न, मिथ्या सूचनालाई द्वन्द्व सूचकका रूपमा लिएर त्यसमाथि आवश्यक कारबाहीको प्रक्रिया निर्माण गर्न पनि सुझाव दिइएको छ।

## विदेशी आवासीय अनुमति लिएका कर्मचारीलाई कारबाही सिफारिस

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विदेशी मुलुकको आवासीय अनुमति लिएर लामो समयदेखि कार्यालयमा अनुपस्थित रहेका चार कर्मचारीसँग स्पष्टीकरण माग गरेको छ।

मन्त्रालयले सूचना जारी गर्दै बिदा समाप्त भएपछि आफ्नो पदाधिकार रहेको कार्यालयमा हाजिर नभई विदेशमै बसोबास गरिरहेकाले उनीहरूमाथि कानुनी प्रक्रिया अघि बढाएको हो। उनीहरूले अस्थायी आवासीय अनुमतिपत्र, स्थायी आवासीय अनुमति र डाइभर्सिटी भिसा (डिभी) लिएको पाइएको मन्त्रालयको सूचनामा उल्लेख छ। निजामती कर्मचारीले पदमा बहाल रहँदै विदेशी मुलुकको आवासीय अनुमति लिन वा सोका लागि आवेदनसमेत दिन नपाइने कानुनी प्रबन्ध छ। स्वीकृत बिदा समाप्त भएपछि ३० दिनभित्र कार्यालयमा उपस्थित हुनुपर्नेमा अनुपस्थित रही निजामती सेवा ऐनविपरीतको कार्य गरेकाले उनीहरूलाई स्पष्टीकरणको सोधिएको हो।

मन्त्रालयका अनुसार निजामती सेवा ऐन, २०४९ बमोजिम उनीहरूलाई भविष्यमा सरकारी सेवाका लागि समेत अयोग्य ठहरिनेगरी कारबाही अघि बढाउनुपर्ने अवस्था देखिएकाले १५ दिनभित्र चित्तबुझ्दो आधार र प्रमाणसहित सफाइ पेस गर्न भनिएको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले निजामती सेवामा अनुशासन र जवाफदेहितालाई थप मजबुत बनाउन यस्ता गतिविधिमाथि निगरानी बढाइएको जानकारी दिनुभयो।

मन्त्री रावलले निजामती सेवामा अनुशासन कायम गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताउँदै कार्यालयमा अनुपस्थित रहेका कर्मचारीको अवस्थाबारे अध्ययन भइरहेको र कानुनअनुसार आवश्यक निर्णय गरिने जानकारी दिनुभयो।

## प्रेम, मानवता र शान्तिको उच्चतम अभ्यासबाट अभिप्रेरित हुने

काठमाडौँ। राष्ट्रपति रामचन्द्र पौडेलले नेपालीहरूको जीवन दर्शन नै दर्शन सेवा, करुणा, प्रेम, मानवता र शान्तिको उच्चतम अभ्यासबाट अभिप्रेरित भएको बताउनुभएको छ।

रोटरी क्लब अफ भादगाउँद्वारा राष्ट्रपति भवन शीतलनिवासमा मंगलबार आयोजित सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सहकार्य, सदभाव र सहिष्णुताले असल मार्गमा हिँड्न प्रेरित गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "यसलाई हाम्रो काम, अभ्यास र आचरणद्वारा मूर्तरुप दिएर विश्व शान्ति, प्रगति र मानवकल्याणका लागि समर्पित गर्नु हामी सबैको साझा धर्म हो।"

राष्ट्रपति पौडेलले निःस्वार्थ भावले मानव सेवामा समर्पित हुनु नै सबैभन्दा ठूलो धर्म हो भन्ने आफूलाई लागेको भन्दै विश्व शान्ति, अन्तरराष्ट्रिय सहकार्य र मानव कल्याणका क्षेत्रमा रोटरीले देखाएको प्रतिबद्धता आजको बदलिँदो परिवेशमा अझ सान्दिर्भक हुँदै गएको बताउनुभयो।

उहाँले भन्नुभयो, "खासगरी समाजसेवा, मानवता र शान्तिको अभियानमा तपाईँहरूको योगदान प्रशंसनीय छ। किनकि यो संस्था सेवा, मित्रता, सद्भाव र विश्वमानवतामा आधारित एउटा विश्वव्यापी अभियान पनि हो जसका सदस्यहरू समाज रुपान्तरणको सत्कार्यमा सक्रिय छन्।"

संयुक्त राष्ट्रसङ्घको चार्टर लेखनमा रोटरीले दिएको योगदान सदैव स्मरणीय रहेको भन्दै राष्ट्रपति पौडेलले भन्नुभयो, "यो मात्र होइन पोलियो उन्मूलन, भविष्यका नेतृत्वकर्ता निर्माण गर्न प्रतिभाशाली युवाहरूलाई प्रत्येक वर्ष पूर्ण छात्रवृत्ति प्रदानसहित नेपाल र भुटानमा रोटरीले शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा



समुदाय विकासका क्षेत्रमा दिएको योगदान उदाहरणीय छ।"

कार्यक्रममा १४ जना पूर्वडिस्ट्रिक गभर्नर तथा क्लबका संस्थापक अध्यक्षलाई सम्मान गरिएको थियो।

## सम्पादकीय ....

# सिमा सुरक्षाबारे सोच्नुपर्ने

नेपाली काठको व्यापार प्रवर्धन गर्ने नीतिविपरीतको यथार्थ के छ भने वनजङ्गलबाट प्राप्त हुने गोलिया काठ, चिरान काठ, बाँस, निगालो, सल्ला, सिसौ, खयर, साल तथा तिनका बिउलगायतका वस्तु क्वारेन्टाइन ऐनको दफा ३२ को स्पस्ट व्यवस्थाविपरीत छोडपुर्जीबिना औपचारिक नाकाबाटै भित्रिने गरेका छन् । यस सम्बन्धमा विभिन्न क्षेत्रबाट गरिएका ध्यानाकर्षण र उजुरीको सुनुवाइ हुने अवस्था सामान्य उथलपुथलले सम्भव छैन । सीमास्थित सरकारी निकायको कार्यसम्पादनमा पटक पटक सन्देह उत्पन्न हुने गरेका उजुरी यथेष्ट मात्रामा उपलब्ध नै छन् । सीमानाकामा क्वारेन्टाइनप्रति उत्तरदायी समर्पित सुरक्षाकर्मीको उपस्थितिबिना छोडपुर्जी प्राप्त नगरेका काठ जफत हुने सम्भावना न्यून छ । वन रक्षकलाई वनभित्र मात्र नभई जैविक सुरक्षा संवेदनशील सीमानाकामा क्वारेन्टाइन कार्यालयप्रति उत्तरदायी हुने गरी परिचालन गराई प्रहरीलाई थप सघाउन सक्ने संरचना विकास गर्नु आवश्यक छ ।

नर्सरीहरूमा उत्पादन भइरहेका बिरुवा तथा रोपण सामग्रीको वास्तविक स्रोत, आयात मार्ग, माउबोटको उत्पत्ति र तिनको स्वास्थ्य अवस्था पुष्टि गर्न सकिने अवस्था छैन । स्रोत प्रमाणीकरणका लागि आवश्यक 'भिएकल कन्साइन्मेन्ट ट्र्याकिङ सिस्टम' जस्ता प्रणालीको प्रयोगसमेत जैविक सुरक्षाको निगरानीका लागि हुन सकेको छैन । अवैध रूपमा भित्रिएका बिरुवा, कलमी सामग्री, बिउ वा अन्य रोपण सामग्री औपचारिक बजारमा मिसिने र अन्ततः देशभर फैलिने गतिविधिको अनुसन्धान, निगरानी, प्रमाण सङ्कलन, जफत, नियन्त्रण तथा अभियोजन प्रक्रिया अगाडि बढाउन सक्ने जैविक सुरक्षा जनशक्ति उपलब्ध छैन । जैविक सुरक्षा उल्लङ्घनका घटनामा राजस्वसम्बन्धी विषय, कानुनी प्रक्रिया, प्रमाण सङ्कलन, खोजतलास तथा नियन्त्रणका पक्षसमेत जोडिने भएकाले राजस्व अधिकृत, कानुन अधिकृत तथा समर्पित सुरक्षाकर्मीको समन्वित संरचना आवश्यक पर्छ ।

नेपालले अस्ट्रेलिया, न्युजिल्यान्ड, मलेसिया, फिलिपिन्स वा कोरिया जस्ता मुलुकमा जस्तै जोखिम पहिचान, अनुसन्धान, नियन्त्रण र कानुन कार्यान्वयन गर्न सक्ने विशिष्टिकृत जैविक सुरक्षा प्रवर्तन संरचना विकास गर्ने बेला भएको छ । काठजन्य सामग्रीमा प्याकेजिङ भई पैठारी हुने अवस्थामा नियमबमोजिम उपचार गरिएको कुरा कडाइका साथ सुनिश्चित गर्न बिरुवा संरक्षण सङ्गठनप्रति उत्तरदायी हुने गरी भन्सारपरिसरमा सुरक्षाकर्मीको दस्ता खटाउने गरी पुनर्संरचना कार्यान्वयन हुनु पर्छ ।

कृषि तथा वनजन्य वस्तुको उत्पत्तिको स्रोत पहिचान गरी अवैध ओसारपसार नियन्त्रण गर्न आन्तरिक चेकप्वाइन्ट प्रणाली विकास गर्नु आवश्यक छ । स्रोत नखुलेका तथा ट्रेसब्याक गर्न नसकिने फलफूल, तरकारीलगायतका वस्तु खुला सिमानाबाट अनौपचारिक रूपमा प्रवेश गर्न सक्छ । स्रोत नखुलेमा त्यस्ता सामग्री नष्ट गर्ने अधिकारसहितको क्षमता त्यस्ता चेकप्वाइन्टलाई दिइनु पर्छ । हालको पुनर्संरचनालाई अवसरका रूपमा उपयोग गर्दै ट्रेसब्याक प्रमाणीकरण गरी आफैं अभियोजन गर्न सक्ने जनशक्ति प्रस्ताव गर्न सकिन्छ ।


## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


# नवप्रवर्तन कार्यक्रमः व्यवहारमा सुधार, उत्पादनमा रफ्तार

*विष्णुप्रसाद गौडेल*

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिका-४ स्थित मदनपुर ग्रिनभ्याली बोर्डिङ स्कुलमा कक्षा ३ की सिम्रन पाठक व्यवहारमा आफ्नो उमेरभन्दा परिपक्व देखिन्छिन् । नम्र भएर बोल्छिन्, ठूलाबडालाई सम्मान गर्छिन् र घरका काममा पनि सघाउँछिन् ।

केही वर्षअघिसम्म उनको बानी फरक थियो । मोबाइलमा धेरै समय बिताउने, सानासाना कुरामा रिसाउने, अभिभावकसँग जिद्दी गर्ने र पढाइमा खासै रुचि नदेखाउने सिम्रनमा अहिले उल्लेखनीय परिवर्तन आएको छ । "पहिले घरमा झगडा गर्ने, काममा नसघाउने र धेरै जिद्दी गर्ने गर्थें", सिम्रन भन्नुहुन्छ, "अहिले परिवार, साथी, पढाइ र समयको महत्व बुझेकी छु । यो सबै मैले 'हाम्रो खुसी' कक्षाबाट सिकेकी हुँ ।" सिम्रनको परिवर्तन व्यक्तिगत कथा मात्र होइन । यो गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत मध्यविन्दु नगरपालिकाले सञ्चालन गरेको 'हाम्रो खुसी' पाठ्यक्रमको प्रभावको एउटा झलक हो ।

शिक्षा केवल परीक्षा होइन, जीवन पनि

गण्डकी प्रदेश सरकारको रु ७५ लाख र मध्यविन्दु नगरपालिकाको रु ४१ लाख साझेदारी लगानीमा सुरु भएको 'हाम्रो खुसी' कार्यक्रम अहिले नगरभित्रका ६६ वटा सामुदायिक तथा संस्थागत विद्यालयमा सञ्चालन भइरहेको छ । कक्षा १ देखि ८ सम्म लागू गरिएको यस पाठ्यक्रमले विद्यार्थीलाई पाठ्यपुस्तकको ज्ञान मात्र होइन, जीवन उपयोगी सीप, नैतिकता, भावनात्मक सन्तुलन, सामाजिक उत्तरदायित्व र सकारात्मक सोच सिकाउने प्रयास गरिरहेको छ । नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक हरि देवकोटाका अनुसार कार्यक्रमले विद्यार्थीको व्यवहारमा उल्लेखनीय परिवर्तन ल्याउन थालेको छ । "पहिले विद्यार्थीको सिकाइ कक्षाकोठाभित्र सीमित थियो," उहाँले भन्नुभयो, "अहिले उनीहरू परिवार, समुदाय र सामाजिक उत्तरदायित्वसँग जोडिन थालेका छन् ।" मध्यविन्दु-७ की अभिभावक लक्ष्मी न्यौपाने पनि परिवर्तन प्रत्यक्ष देखिरहेको बताउँनुहुन्छ । "पहिले छोरो विद्यालयबाट आएपछि मोबाइलमै झुण्डिन्थ्यो," उहाँले भन्नुभयो, "अहिले घरका काममा सघाउँछ, सम्मान गर्न सिकेको छ र जिम्मेवार बनेको छ ।" नगर प्रमुख भीमलाल अधिकारीका अनुसार यस वर्ष एक हजारभन्दा बढी अभिभावकलाई समेत 'हाम्रो खुसी' सम्बन्धी प्रशिक्षण प्रदान गरिएको छ । "हामीले विद्यालय मात्र होइन, समुदायमा पनि सकारात्मक सोचको वातावरण निर्माण गर्न खोजेका छौं", उहाँले भन्नुभयो । अहिले मध्यविन्दु नगरपालिका यस पाठ्यक्रमको अन्य स्थानीय तहका लागि सिकाइ केन्द्र बन्न थालेको छ । यही पाठ्यक्रम स्याङ्जा जिल्लास्थित कालीगण्डकी गाउँपालिकाले यसै शैक्षिक सत्रदेखि सञ्चालन गरेको छ ।

फोहरबाट मल, मलबाट आम्दानी

मध्यविन्दु नगरपालिकाको अर्को नवप्रवर्तन कार्यक्रम हो । सरसफाइ प्रवर्द्धन तथा जैविक मल उत्पादन केन्द्र । नगरपालिकाले घरघरबाट निस्कने जैविक फोहरलाई वैज्ञानिक रूपमा व्यवस्थापन गर्दै त्यसलाई जैविक मलमा रूपान्तरण गर्ने कार्य सुरु गरेको छ । केन्द्रमा सङ्कलित फोहर प्रशोधन गरी मल उत्पादन गरिन्छ र स्थानीय कृषकले प्रयोग गर्ने गरेका छन् । प्रदेश सरकारको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० मा सञ्चालन गरिएको यस परियोजनाको कूल लागत रु दुई करोड १३ लाख ८० हजार छ ।

आर्थिक समृद्धिको खोजी

विनयी त्रिवेणी गाउँपालिकाले भने आफ्नो नवप्रवर्तन कार्यक्रमलाई कृषि उत्पादनसँग जोडेको छ । मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत सञ्चालन गरिएको 'नगदे बाली खेती प्रविधि अनुकूलन तथा व्यवसायीकरण कार्यक्रम'मार्फत गाउँपालिकाले उखु र बेसारखेतीलाई प्राथमिकता दिएको छ । गाउँपालिका अध्यक्ष घनश्याम गिरीका अनुसार कृषि उत्पादन वृद्धि र किसानको आयआर्जन बढाउने लक्ष्यका साथ कार्यक्रम सञ्चालन गरिएको हो । "हामी कृषिलाई स्थानीय अर्थतन्त्रको मेरुदण्ड बनाउन चाहन्छौं", अध्यक्ष गिरीले भन्नुभयो, "उत्पादन बढे किसानको आम्दानी बढ्छ र त्यसको प्रत्यक्ष प्रभाव स्थानीय अर्थतन्त्रमा देखिन्छ ।" कार्यक्रम अन्तर्गत किसानलाई उन्नत बीउ, प्राविधिक सहयोग, कृषि सामग्री र यान्त्रिक उपकरण उपलब्ध गराइएको छ । कृषि प्राविधिक मनोज चापागाईंका अनुसार करिब रु एक करोड ५० लाख लगानीमा कार्यक्रम सञ्चालन गरिएको छ ।

उखुखेती हुने क्षेत्रमा डिप बोरिङमार्फत सिँचाइ सुविधा विस्तार गरिएको छ भने आठ वटा कृषक समूहलाई ३० टन बेसारको बीउ वितरण गरिएको छ । कृषि क्षेत्रमा गरिएको यो लगानीले किसानलाई परम्परागत खेतीबाट व्यावसायिक उत्पादनतर्फ उन्मुख गराउन सहयोग पुऱ्याएको स्थानीय कृषकहरू बताउँछन् ।

प्रविधिमैत्री सिकाइतर्फ नयाँ पुस्ताको तयारी

विनयी त्रिवेणी गाउँपालिकाकै अर्को कार्यक्रम हो–प्रविधिमैत्री सिकाइ परियोजना । ग्रामीण विद्यालयमा डिजिटल शिक्षाको पहुँच विस्तार गर्ने उद्देश्यले गाउँपालिकाले विद्यालयहरूमा कम्प्युटर, डिजिटल सामग्री तथा प्रविधिमैत्री शिक्षण वातावरण निर्माण गरेको छ । गण्डकी प्रदेश सरकारको लागत साझेदारीमा सञ्चालित यो कार्यक्रमले शिक्षकलाई प्रविधिमैत्री सीप पनि सिकाउने लक्ष्य राखेको छ । प्रदेश सरकारको तथ्याङ्कअनुसार आव २०८२/८३ मा सञ्चालन भइरहेको यस परियोजनाको लागत प्रदेश सरकारको रु एक करोड ५० लाख र गाउँपालिकाको रु ६५ लाख गरी रु दुई करोड १५ लाख रहेको छ ।

गाउँपालिकाका शिक्षा शाखा प्रमुख भूपराज पाण्डेका अनुसार डिजिटल सामग्री प्रयोग गर्दा विद्यार्थीको सिकाइमा रुचि बढेको छ । "चित्र, भिडियो र अन्तरक्रियात्मक सामग्रीले कठिन विषय पनि सहज रूपमा बुझ्न सहयोग गरेको छ," उहाँले भन्नुभयो । स्थानीय शिक्षक रामु थापाका अनुसार यो कार्यक्रमले ग्रामीण विद्यार्थीलाई डिजिटल युगसँग जोड्ने महत्वपूर्ण आधार तयार गरेको छ ।

विद्यालयमा रोबोटदेखि वायोग्याससम्म

कावासोती नगरपालिकाले नवप्रवर्तनलाई विद्यालय शिक्षासँग जोडेको छ । 'आविष्कार र उत्पादनको जग मेरो विद्यालय' कार्यक्रमअन्तर्गत नगरभित्रका २३ विद्यालयमा विभिन्न उत्पादनमुखी तथा अनुसन्धानमूलक परियोजना सञ्चालन गरिएका छन् । कावासोती-१७ स्थित त्रिभुवन बाल माध्यमिक विद्यालयका विद्यार्थीले 'राधा' नामको रोबोट निर्माण गरेका छन् । विद्यालय पुग्ने पाहुनालाई उक्त रोबोटले स्वागत गर्छ ।

त्यस्तै अन्य विद्यालयहरूले बायोग्यास उत्पादन, सोलार ड्रायर, स्मार्ट सिँचाइ प्रणाली, गड्यौला मल उत्पादन, बेसार प्रशोधन, जैविक खेती तथा नर्सरी सञ्चालनजस्ता परियोजना अघि बढाएका छन् । शिक्षा शाखा अधिकृत राजन पाण्डेका अनुसार कार्यक्रमले विद्यार्थीमा अनुसन्धान, नेतृत्व, समस्या समाधान र उद्यमशीलताको भावना विकास गर्न मद्दत गरिरहेको छ ।

गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत कावासोती नगरपालिकाले सञ्चालन गरेको 'आविष्कार र उत्पादनको जग मेरो विद्यालय' कार्यक्रमले विद्यालय शिक्षालाई कक्षाकोठाबाट उत्पादन र प्रयोगसँग जोड्ने प्रयास गरेको छ । परियोजनाले विद्यालयलाई पढाइ हुने ठाउँ मात्र नभई सिकाइ, अनुसन्धान र उत्पादनको केन्द्र बनाउने प्रयास गरेको देखिन्छ ।

राहत बनेको साइलेज उद्योग

देवचुली नगरपालिकाले पशुपालक कृषकलाई लक्षित गर्दै साइलेज उत्पादन उद्योग सञ्चालन गरेको छ । आव २०७९/८० मा सुरु गरिएको उक्त परियोजनाको कुल लागत रु दुई करोड १४ लाख छ । प्रदेश सरकारको तथ्याङ्कअनुसार परियोजनाले ९९.९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

अहिले साइलेज उत्पादन उद्योगलाई नगरपालिका र कृषक समूहबीच सहकार्य गरी सञ्चालन गरिएको छ । यसबाट उत्पादन भएको साइलेज बिक्रीबाट नगरपालिकालाई आम्दानीको स्रोत पनि बन्न थालेको देवचुली नगरपालिका प्रमुख हरिप्रसाद न्यौपानेले बताउनु भयो । मकै र नेपियर घाँसबाट उत्पादन भएको साइलेजको प्रयोगका कारण कृषकको उत्पादन लागत घटेको छ भने नगरपालिकालाई समेत वार्षिक रु सात लाख ५० हजार आम्दानी हुन थालेको छ ।

नगरपालिकाले पशु आहारामा कृषकको लागत घटाउन र हरियो घाँसको उपलब्धता बढाउन कृषकहरूलाई ५० प्रतिशत अनुदानमा साइलेज बनाउने कृषकहरूलाई प्रोत्साहनस्वरूप प्रतिकेजी दुई रुपैयाँका दरले उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने निर्णय गरेको छ ।

जीविकोपार्जन तथा खाद्य सुरक्षा

हुप्सेकोट गाउँपालिकाले गण्डकी प्रदेशको नवप्रवर्तन साझेदारी कोषमार्फत दिगो विपद् व्यवस्थापन, जीविकोपार्जन तथा खाद्य सुरक्षा कार्यक्रम कार्यान्वयन गरेको छ । हुप्सेकोट गाउँपालिकामा आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन भएको दिगो विपद् व्यवस्थापन, जीविकोपार्जन तथा खाद्य सुरक्षा कार्यक्रमको कूल लागत रु दुई करोड १६ लाख रुपैयाँ थियो । यस कार्यक्रममार्फत नमूना बस्ती निर्माण, कृषि तथा पशुपालनसम्बन्धी स्थानीय स्रोत व्यक्तिलाई तालिम, कृषि पशुपन्छी तथा सीप उद्यमशीलता विकास कार्यक्रम, आइसिटि मैत्री विद्यालय निर्माण कार्य गरिएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताउनुभयो ।


## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# पर्वतीय विषयलाई विश्व जलवायु एजेण्डाको केन्द्रमा राख्नुपर्छ

काठमाडौं । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले पर्वतीय एजेण्डालाई विश्व जलवायु एजेण्डाको केन्द्रमा राख्नुपर्ने बताउनुभएको छ । थाइल्याण्डको बैंककमा यही जुन २९ देखि ३० सम्म आयोजना गरिएको सातौं जलवायु तथा दिगो विकास लक्ष्यसम्बन्धी सम्मेलनलाई मंगलबार सम्बोधन गर्दै उहाँले त्यस्तो बताउनुभएको बैंककस्थित नेपाली दूतावासले जनाएको छ ।

विश्व परिदृश्यमा जलवायु न्यायको माग गर्दै उहाँले एसियाको पानीको भण्डारणको रूपमा रहेको हिमाल र यसबाट उत्सर्जित हिमनदीहरूको अवस्था सम्पूर्ण एसियाली क्षेत्रका लागि महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो । मन्त्री चौधरीले नेपालले अल्पविकसित मुलुक, भूपरिवेष्टित मुलुक र उच्च हिमाली मलुकसहितको त्रि-आयामिक संवेदनशीलताका बाबजुद अधिक मात्रामा जलवायु परिवर्तनका प्रतिकूल प्रभाव र जोखिम व्यहोरिरहेको तथ्य प्रस्तुत गर्नुभयो ।

नेपालले अत्यन्तै न्यून वा नगन्य मात्राको हरितगृह ग्यास उत्सर्जन गरी तथा जैविक विविधता र पर्यावरणीय संरक्षणबाट विश्वव्यापी तापमान नियन्त्रणमा योगदान गरिरहेको उहाँले उल्लेख गर्नुभयो । मन्त्री चौधरीले नेपालको लागि जलवायु परिवर्तनसम्बन्धी सम्झौता तथा दिगो विकासका लक्ष्यहरूको समन्वयात्मक कार्यान्वयन विकल्पको विषय नभई सीमित स्रोतसाधनको उच्चतम् सदुपयोगको अपरिहार्यता भएको कुरा उल्लेख गर्नुभयो । उहाँले यी क्षेत्रमा गरिएको हरेक लगानीले जलवायु परिवर्तनका समस्याको समाधान गर्दै दिगो विकासका लक्ष्यको तीव्र प्राप्ति र बहुआयामिक प्रतिफल दिनुपर्ने विषयमा जोड दिनुभयो ।

उहाँले नेपालको तेस्रो राष्ट्रिय निर्धारण योगदान (एनडिसी ३.०) लाई दिगो विकास लक्ष्यसँग पूर्णरूपमा समन्वय गरिएको तथा यी कार्ययोजनामा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको पूर्ण स्वामित्वमा तयार गरिएको जानकारी गराउनुभयो । यसको सफल कार्यान्वयन समयमै हुने विश्वास व्यक्त गर्दै यिनको कार्यान्वयनका लागि अन्तरराष्ट्रिय समुदायको सहयोगको लागि उहाँले आह्वान गर्नुभयो ।

मन्त्री चौधरीले जलवायु वित्तलाई पर्याप्त, पूर्वानुमानयोग्य, अनुदान-आधारित र सजिलै पहुँचयोग्य बनाउन आग्रह गर्दै जलवायुजन्य क्षति तथा नोक्सानी कोषमार्फत प्रभावित समुदायलाई सहयोग पुर्याउन अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्नुभयो । नेपाललगायतका पर्यावरण तथा जैविक विविधताको संरक्षणको क्षेत्रमा योगदान गरेका अल्पविकसित, भूपरिवेष्ठित तथा पर्वतीय मुलुकमा उत्पादित जैविक उत्पादनहरूलाई अन्तरराष्ट्रिय बजारमा सौविध्यपूर्ण बजार पहुँचको सुनिश्चितता गर्नुपर्ने उहाँको आग्रह थियो । उहाँले यसवर्ष तीनवटै रियो सम्मेलनको सदस्य राष्ट्रहरूको सम्मेलन एउटै वर्षमा सम्पन्न हुन गइरहेको विशेष अवसरलाई उपयोग गरी जलवायु परिवर्तन, जैविक विविधता ह्रास र मरुभूमिकरण विरुद्धको तीनवटै सम्मेलनलाई एउटै सम्बद्ध सङ्कटका रूपमा समाधान गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो ।

उहाँले पर्यावरणीय समस्याको समाधान तथा दिगो विकास लक्ष्य प्राप्तिका लागि अन्तरराष्ट्रिय सहकार्य र ऐक्यबद्धतामा जोड दिँदै दिगो भविष्य निर्माणमा आफ्नो भूमिका निर्वाह गर्न नेपाल तत्पर रहेको व्यहोरा उल्लेख गर्नुभयो ।

नेपालका अतिरिक्त थाइल्याण्ड, श्रीलङ्का, मालदिभ्स, ताजिकिस्तान, बङ्गलादेश, इण्डोनेसिया, फिजी, पाकिस्तानलगायतका मुलुकका वन, वातावरण तथा पर्यावरणसम्बन्धी मन्त्रीहरूको सहभागिता थियो ।

सम्मेलन संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक मामिला विभाग, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन महासन्धि सचिवालय तथा संयुक्त राष्ट्रसङ्घीय एशिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोगद्वारा संयुक्त रूपमा आयोजना गरिएको हो ।

सम्मेलन 'पेरिस सम्झौता र दिगो विकासका लक्ष्यबीचको तालमेल सुदृढीकरण : जलवायु, वातावरण तथा दिगो विकासका लागि एकीकृत कार्यान्वयन' विषयमा केन्द्रित रहेको छ ।

# सदर चिडियाखानामा बर्ड फ्लु नियन्त्रणमा

ललितपुर । ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा गत असार ५ गते पुष्टि भएको बर्डफ्लु सङ्क्रमण हाल नियन्त्रणउन्मुख रहेको चिडियाखाना प्रशासनले जनाएको छ । सङ्क्रमण देखिएलगत्तै चिडियाखाना बन्द गरी प्रभावित क्षेत्रलाई सुरक्षित बनाउने, सङ्क्रमित तथा बिरामी जीवजन्तुको उपचार गर्ने र भाइरसको फैलावट रोक्न विभिन्न नियन्त्रणात्मक उपाय अपनाइएको थियो ।

चिडियाखानाका सूचना अधिकारी गणेश कोइरालाका अनुसार बर्डफ्लु भाइरस नियन्त्रणका लागि निरन्तर औषधि छर्किने, जीवजन्तु राखिएका स्थानको सरसफाइ गर्ने तथा बिरामी जनावरको उपचार गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ । उहाँले पछिल्लो परीक्षणका आधारमा असार १२ गतेयता चिडियाखानाभित्र बर्डफ्लुको नयाँ सङ्क्रमण नदेखिएको जानकारी दिनुभयो ।

सङ्क्रमणको वास्तविक अवस्था अध्ययन गर्न चिडियाखानामा बर्डफ्लु नियन्त्रण अध्ययन समितिसमेत गठन गरिएको छ । उक्त समितिले केही दिनभित्र विस्तृत प्रतिवेदन तयार गर्ने र त्यसका आधारमा विज्ञहरूको सुझाव लिएपछि हाल बन्द रहेको चिडियाखाना कहिलेदेखि सर्वसाधारण का लागि पुनः सञ्चालन गर्ने भन्ने विषयमा निर्णय गरिने सूचना अधिकारी कोइरालाले बताउनुभयो ।

पशु सेवा विभागले भने काठमाडौं उपत्यकामा बर्डफ्लुको जोखिम अझै कायम रहेको जनाएको छ । विभागका अनुसार उपत्यकाका विभिन्न क्षेत्रमा बर्डफ्लु तीव्र रूपमा फैलिएकाले सतर्कता अपनाउनुपर्ने अवस्था रहेको छ । चिडियाखाना प्रशासनले जीवजन्तुको सुरक्षा र सर्वसाधारणको स्वास्थ्यलाई प्राथमिकतामा राखेर आवश्यक सबै सावधानी अपनाइरहेको जनाएको छ । हाल चिडियाखाना बन्द रहे पनि सङ्क्रमण नियन्त्रणको अवस्था सकारात्मक देखिएकाले विज्ञहरूको प्रतिवेदनपछि पुनः सञ्चालनबारे अन्तिम निर्णय गरिने बताइएको छ ।

# राष्ट्र बैंकद्वारा ३५ अर्बको ऋणपत्र जारी

काठमाडौं । नेपाल राष्ट्र बैंक मौद्रिक व्यवस्थापन विभागले रु ३५ अर्बको ऋणपत्रको बोलकबोलको लागि आह्वान गरेको छ ।

राष्ट्र बैंकले मंगलबार सार्वजनिक सूचना जारी गरेर ऋणपत्र २०८४ 'क' अनलाइन मार्फत बोलकबोल गर्न सकिने जनाएको छ । ऋणपत्रको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्था ( काउण्टरपार्टी) मात्र सहभागी हुन पाउने जनाएको छ । काउण्टरपार्टीले ऋणपत्रको बोलकबोल मा कबोल गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा चार अङ्कसम्म) उल्लेख गर्नुपर्ने बताइएको छ । राष्ट्र बैंकल न्यूनतम रु पाँच करोड र बढीमा रु पाँच करोडले भाग गर्दा निःशेष भाग जाने गरी कूल आह्वान रकमसम्म बोलकबोल गर्न सकिने जनाइएको छ ।

# चलचित्र उद्योगलाई सुदृढ बनाउन सरकार तयार छ : सञ्चारमन्त्री

काठमाडौं । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नेपाली चलचित्र उद्योगका समस्या, चुनौती र अपेक्षाप्रति सरकार संवेदनशील रहेको बताउनुभएको छ । चलचित्र विकास बोर्डको २६औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उहाँले चलचित्र क्षेत्रको वास्तविक आवश्यकतालाई सम्बोधन गर्ने कानुन, नीति र कार्यक्रममार्फत उद्योगलाई सुदृढ बनाउन सरकार तयार रहेको बताउनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले चलचित्र विकास बोर्डले यस क्षेत्रको अभिभावकीय भूमिका वहन गर्नुपर्नेसमेत आवश्यकता औंल्याउनुभयो । बोर्डका योजना, कार्यक्रम र बजेटले प्रत्यक्ष रूपमा चलचित्र उद्योगलाई कसरी लाभ पुऱ्याउँछ भन्ने विषयलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले चलचित्र क्षेत्र समृद्ध र सन्तुष्ट भएमा मात्रै बोर्डको सफलता अर्थपूर्ण हुने धारणा राख्नुभयो । बोर्डले आगामी आर्थिक वर्षका लागि बजेट बनाइरहेको परिप्रेक्ष्यमा चलचित्रकर्मीको भावना समेटेनगरी योजना बनाउन पनि उहाँले आग्रह गर्नुभयो ।

संसद्मा विचाराधीन रहेको चलचित्र विधेयकलाई समयसापेक्ष, व्यावहारिक र चलचित्र उद्योगको वास्तविक आवश्यकता अनुकूल बनाउन सबै सरोकारवालासँग सुझाव लिइने पनि सञ्चारमन्त्री डा तिमिल्सिनाको भनाइ छ । "चलचित्र विधेयकमा यस क्षेत्रका सरोकारवाला सबैको सुझाव आवश्यक छ । चलचित्रकर्मीका अहिलेका आवश्यकता र चाहनालाई सम्बोधन गर्ने बलियो कानुनी दस्तावेज तयार गर्न सबैले आआफ्नो क्षेत्रबाट भूमिका खेल्नुपर्छ", उहाँले भन्नुभयो । चलचित्र क्षेत्रले अपेक्षा गरेअनुसारको ऐन निर्माण गर्न सरकार प्रतिबद्ध रहेको दोहोऱ्याउँदै उहाँले निरन्तर संवाद र सहकार्यबाट मात्र प्रभावकारी कानुन बन्न सक्ने विश्वास व्यक्त गर्नुभयो । चलचित्रकर्मीसँग नियमित छलफल गर्दै आवश्यक नीतिगत र संरचनात्मक सुधार अघि बढाइने सञ्चारमन्त्री डा तिमिल्सिनाले स्पष्ट पार्नुभयो ।

उहाँले नेपाली चलचित्र उद्योगले कठिन परिस्थितिका बाबजुद निरन्तर प्रगति गरिरहेको उल्लेख गर्दै त्यसको श्रेय अग्रज चलचित्र कर्मीको अथक योगदान लाई दिनुभयो । "पुराना पुस्ताका चलचित्रकर्मीको निरन्तर सङ्घर्ष र समर्पणकै कारण नेपाली चलचित्र आजको अवस्थासम्म आइपुगेको हो", उहाँले भन्नुभयो । साथै चलचित्र क्षेत्रको इतिहास, विकासक्रम र योगदानलाई दस्तावेजीकरण गर्न अनुसन्धानमा आधारित लेख, पुस्तक तथा अध्ययन प्रकाशनमा पनि जोड दिन आवश्यक रहेको धारणा राख्नुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले लोकतान्त्रिक व्यवस्थामा प्रत्येक क्षेत्रले नागरिकको विश्वास जित्नुपर्ने उल्लेख गर्दै चलचित्र क्षेत्र त्यसबाट अलग रहन नसक्ने बताउनुभयो । विभिन्न लोक-तान्त्रिक आन्दोलनमा चलचित्र क्षेत्रको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्नुहुँदै उहाँले यस क्षेत्रले नागरिकको आशा अनुसार काम गर्न सक्नुपर्ने बताउनुभयो । चलचित्र उद्योगलाई आर्थिक रूपमा अझ सक्षम बनाउन चलचित्रकर्मीले स्वस्थ प्रतिस्पर्धा, पारस्परिक सहयोग र सहकार्यको संस्कृतिलाई बलियो बनाउन आग्रह गर्नुभयो । "एक-अर्कालाई सहयोग गरेर अघि बढ्नुहोला । चलचित्र उद्योग बलियो भयो भने त्यसको प्रत्यक्ष लाभ कलाकार, प्राविधिक, निर्माता, वितरकदेखि राज्यसम्म सबैलाई पुग्छ", । समारोहमा सञ्चार सचिव लक्ष्मी कुमारी बस्नेतले नेपाली चलचित्रलाई अन्तरर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तरीय सामग्री उत्पादन, आधुनिक प्रविधिको प्रयोग तथा प्रभावकारी प्रवर्द्धन आवश्यक रहेको धारणा राख्नुभयो । नेपाली चलचित्रको विश्वव्यापी पहुँच विस्तारका लागि सरकार, बोर्ड र निजी क्षेत्रबीच अझ सुदृढ सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसीले नयाँ चलचित्र विधेयक निर्माणको चरणमा रहेकाले सम्पूर्ण सरोकारवालाले सक्रिय रूपमा सुझाव दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । चलचित्र क्षेत्रको अनुभव र व्यावहारिक पक्ष समेटिएको ऐनले मात्र उद्योगलाई दीर्घकालीन रूपमा लाभ पुऱ्याउने विश्वास व्यक्त गर्दै उहाँले सबै क्षेत्रबाट रचनात्मक सुझावको अपेक्षा रहेको बताउनुभयो ।

अध्यक्ष डीसीले वरिष्ठ चलचित्र कर्मीको सामाजिक सुरक्षालाई प्राथमिकता मा राख्दै स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । आगामी आर्थिक वर्षका लागि चलचित्र विकास बोर्डको बजेट पनि चलचित्र उद्योगमैत्री र प्रभावकारी रूपमा आउने विश्वास व्यक्त गर्दै उहाँले बोर्डले चलचित्र क्षेत्रको संस्थागत विकास, प्रविधि विस्तार तथा अन्तरराष्ट्रिय पहुँच बढाउन थप कार्यक्रम अघि बढाउने बताउनुभयो ।

# बिमवाङमा खेलमैदान निर्माण

म्यागदी । मालिका गाउँपालिका-७ बिमवाङमा खेलमैदान निर्माण गरिएको छ ।

बिमवाङ युवा क्लबले दाताको सहयोग जुटाएर रु २१ लाखमा खरिद गरेको करिब नौ रोपनी जमिनमा खेलमैदान निर्माण गरिएको हो ।

क्लबका अध्यक्ष ओमकार गर्बुजाले भन्नुभयो, "क्लब, आमा समूहलगायत बिमवाङमा रहेका सङ्घ संस्था, स्वदेश तथा विदेशमा रहेका दाताबाट सहयोग जुटाएर जमिन खरिद गरेका हौं ।"

उहाँले भन्नुभयो मैदानमा "क्रिकेट, ब्याडमिन्टन, भलिबल, बाँस्केट बल, फुटबल र एथलेटिक्स विधाका खेल अभ्यास र प्रतियोगिता सञ्चालन गर्न सहज भएको छ ।" क्लबका सचिव बिष्णु सुवेदीले यसअघि खेलमैदान अभावमा खेलअभ्यास र प्रतियोगिता सञ्चालन गर्न समस्या भएको थियो । खेलमैदान परिसरमा सार्वजनिक शौचालय, क्लबको भवन सहितको स्टेज र प्यारापिट निर्माणले पूर्णता पाएको छ । मालिका गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बिमवाङ खेलमैदान निर्माणका लागि रु तीन लाख बजेट विनियोजन गरेको वडाध्यक्ष टकलाल पुनले बताउनुभयो ।

# मानवअधिकार संरक्षणमा समस्या : अध्यक्ष मगर

काठमाडौं । राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले समाजमा विद्यमान कुसंस्कारले मानवअधिकारको संरक्षणमा समस्या भएको बताउनुभएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगले मंगलबार (हिजो) आयोजना गरेको 'मानवअधिकार शोध-सम्वाहक' पूर्वीय चिन्तन र मानवअधिकार विशेषाङ्कको समीक्षा गर्दै अध्यक्ष मगरले यद्यपि समाजमा कुसंस्कार कायम रहेकाले मानवअधिकार संरक्षणमा कठिनाइ भएको बताउनुभएको हो ।

"अझै पनि समाजमा कुसंस्कार छ, जनप्रतिनिधिले नै घरभित्र बसेर खान नपाएको अवस्थाका घटनाहरु आइरहेका छन्", आयोगका अध्यक्ष मगरले भन्नुभयो, "यस्ता कुसंस्कारलाई समाजबाट हटाउनुपर्छ ", उहाँले जातीय विभेद धेरै हटेर गइरहेको सुनाउँदै भन्नुभयो, "अहिले धोती फेरर खाना खाने, सुनपानी छर्किने कुरा पनि छाडिसक्यौं, समाज परिवर्तन हुँदै गएको छ ।"

राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारी खरेलले मानव अधिकारको क्षेत्रमा काम गर्न खोज्ने, अनुसन्धानकर्ता, भावी दिनमा पनि कानुनको क्षेत्रमा काम गर्ने व्यक्तिका लागि पुस्तकले सहयोग गर्ने बताउनुभयो । पूर्वीय चिन्तन र मानव अधिकार विशेषाङ्कमा ११ वटा लेख रहेका छन् ।

# हुलाक ऐन, २०१९ संशोधन गर्न माग

काठमाडौं । हुलाक सेवासम्बन्धी कानुन 'हुलाक ऐन, २०१९' र नीति समयानुकूल परिवर्तन गर्न अधिकारीहरुले जोड दिएका छन् ।

हुलाक सेवा विभागले मंगलबार यहाँ आयोजना गरेको 'हुलाक सेवाको आधुनिकीकरणसम्बन्धी उच्चस्तरीय संवाद कार्यक्रम' मा अधिकारीहरुले सो धारणा व्यक्त गर्नुभएको हो । कार्यक्रममा नेपालमा हुलाक सेवाको रुपान्तरण : सरकारी कुरियर सेवा, व्यावसायिकता र नवप्रवर्तन विषयक कार्यपत्र प्रस्तुत गर्नुहुँदै पूर्वसचिव सुरेश अधिकारीले हुलाक सेवालाई समयानुकूल अघि बढाउन कानुन र नीतिगत सुधार गर्नुपर्ने धारणा राख्नुभयो । हुलाक सेवा विभागका निर्देशक सपनाकुमारी भट्टराईले 'हुलाक ऐन,२०१९' को संशोधन अनिवार्य भएको जानकारी दिनुभयो । नेपाल कुरियर सेवा सङ्घका अध्यक्ष अनिल राजभण्डारीले २०५० सालमा हुलाक ऐन संशोधन भएपछि नेपालमा कुरियर सेवा सुरु भएको बताउनुभयो ।

# विद्युत् प्रवाहमा अवरोध हटाउन जनशक्तिको व्यवस्था

काठमाडौं । सरकारले विद्युत् प्रवाहमा सन्तुलन, वितरण सञ्जाल सुदृढीकरण तथा आवश्यक प्राविधिक सुधारका लागि निरन्तर प्रयास भइरहेको स्पष्ट पारेको छ ।

मनसुनको समयमा विद्युत् प्रवाहमा आउने अवरोध न्यूनीकरणका लागि जनशक्तिसहित प्राविधिक उपकरण पूर्वतयारी अवस्थामा राखिएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले विद्युत् आपूर्तिमा भइरहेको असन्तुलनका बारेमा सेवाग्राहीलाई समयमै सूचना उपलब्ध गराउन तथा विद्युत् अवरोध (नो-लाइट) सम्बन्धी गुनासो तत्काल सम्बोधन गर्न झन्डै एक हजार कर्मचारी परिचालन गरिएको बताउनुभयो । गर्मी, हावाहुरी, वर्षाका कारण बेलाबेलामा विद्युत् आपूर्तिमा असन्तुलन तथा अवरोध सिर्जना हुँदै आएको छ ।

जीर्ण ट्रान्सफर्मरको प्रतिस्थापन, आवश्यक स्थानमा उच्च क्षमताका नयाँ ट्रान्सफर्मर जडान तथा ब्रेकर प्यानलको स्तरोन्नति लगायतका कार्यलाई उच्च प्राथमिकतामा राखिएको छ ।

# धादिङबेसीमा पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण

प्रत्यूष समाचारदाता

धादिङबेसी। नीलकण्ठ नगरपालिकाले पोषणमैत्री स्थानीय शासनको अवधारणालाई वडा तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले वडा स्तरीय खाद्य तथा पोषण सुरक्षा सहजीकरण समितिका पदाधिकारी तथा सरोकारवालाहरूका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

नगरपालिकाको आयोजनामा नीलकण्ठ नगरपालिका वडा नं. ३ मा सम्पन्न कार्यक्रममा पोषण सुधार, खाद्य सुरक्षा, बहुक्षेत्रीय समन्वय तथा स्थानीय तहको भूमिकाबारे विस्तृत छलफल गरिएको थियो। कार्यक्रमले पोषणसम्बन्धी नीति तथा कार्यक्रमलाई समुदायस्तरसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक समन्वय, सहकार्य र जिम्मेवारीबारे सहभागीहरूलाई जानकारी गराएको थियो।

वडा नं. ३ का वडा अध्यक्ष राजकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कृषि शाखा तथा पशु विकास शाखाका प्रमुखहरु, वडा सदस्यहरू, वडा कार्यालयका कर्मचारी, टोल विकास संस्था महासंघका प्रतिनिधिहरू, एवं प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविकाहरू, विद्यालय नर्स लगायतको सहभागिता रहेको थियो।कार्यक्रममा नीलकण्ठ नगरपालिकाका वरिष्ठ जनस्वास्थ्य अधिकृत विष्णुप्रसाद रिजालले सहजीकरण गर्दै पोषणमैत्री स्थानीय शासनको अवधारणा, यसको आवश्यकता, स्थानीय तहको जिम्मेवारी तथा बहुक्षेत्रीय समन्वयमार्फत कुपोषण न्यूनीकरणका उपायबारे सहजिकरण गर्नुभएको थियो।

उहाँले पोषण सुधार स्वास्थ्य क्षेत्रको मात्र जिम्मेवारी नभई कृषि, पशुपालन, शिक्षा, खानेपानी तथा सरसफाइ, सामाजिक विकासलगायत सबै क्षेत्रको साझा दायित्व भएको उल्लेख गर्दै स्थानीय सरकारको सक्रिय नेतृत्व र समुदायको सहभागिताबाट मात्र पोषणमैत्री समाज निर्माण सम्भव हुने बताउनुभयो। नीलकण्ठ नगरपालिकाले पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै विभिन्न वडा तथा समुदायस्तरमा यस्ता अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ।

## धादिङमा लागुपदार्थ सेवन गरी सवारी चलाउने सात जना पक्राउ

प्रत्यूष समाचारदाता

धादिङबेसी। धादिङमा लागुपदार्थ सेवन (लापसे) गरी सवारी साधन चलाउने सात जना चालकहरू पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय धादिङले राजमार्ग तथा सदरमुकाम क्षेत्रमा सञ्चालन गरेको विशेष चेकिङ अभियानका क्रममा उनीहरूलाई पक्राउ गरेको हो। सार्वजनिक तथा निजी सवारी साधनका चालकहरूलाई लक्षित गरी गरिएको आकस्मिक चेकिङमा गरिएको लागुपदार्थ सेवन परीक्षणमा उनिहरुले नशालु पदार्थ सेवन गरी सवारी साधन चलाएको पुष्टि भएको हो।


## श्री चक्रदवी वालसिङ सामुदायिक वन उपभोक्ता समुह

गजुरी गा.पा.३, धादिङ

**काठ लिलाम बिकी सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०३/१७)

यस चक्रदेवी वालसिङ सामुदायिक वन उपभोक्ता समूह गजुरी-३ ले डिभिजन वन कार्यालय धादिङको च.नं.२४७४, मिति २०८३/०३/१५ को लिलाम विक्री सहमती अनुसार गजुरी गा.पा. वडा नं. ३, गलौदी पुल, धादिङमा घाटगद्दी भएका तपसिल बमोजिमका वन पैदावार गोलिया (काठ) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले पहिलो पटक यो सुचना प्रकाशित गरिएको छ। वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं.मा दर्ता भई सूचीकृत भएका इच्छुक फर्म, स:मिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र जिल्ला डिभिजन वन कार्यालय धादिङ वा यस समूहबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र यस चक्रदेवी वालसिङ सामुदायिक वन उपभोक्ता समूह, गजुरी गा.पा. वडा नं. ३, धादिङमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। थप जानकारीको लागि कार्यालयमा प्रकाशित विस्तृत सूचना हेर्नु हुन अनुरोध छ।

तपसिल

| लट नं. | जात | थान | ग्रेड | परिमाण क्यू. (क्यु.फि.) | न्यूनतम मूल्य रू. | संकलन खर्च |
|---|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | उतिस | ११६ | B | ३०३.५२ | ४५,५२८।- | नियमानुसार |
| ०२/०८२/०८३ | खोटेसल्ला | ४ | A | ५५.६४ | १३,९१०।- | |
| | खोटेसल्ला | ८५ | B | ६१४.७५ | ९२,२१२.५ | |
| | | २०५ | | ९७३.९१ | १,५१,६५०.५ | |

थप जानकारीको लागी: श्री ठाकुर सि तामाङ, अध्यक्ष सम्पर्क नं. ९७६३४७२६८१

## श्री वितलव सामुदायिक वन उपभोक्ता समुह

गजुरी गा.पा.२, धादिङ

**काठ लिलाम बिकी सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०३/१७)

यस वितलव सामुदायिक वन उपभोक्ता समूह गजुरी-२ ले डिभिजन वन कार्यालय धादिङको च.नं. २४७५, मिति २०८३/०३/१५ को लिलाम विक्री सहमती अनुसार गजुरी गा.पा. वडा नं. २ अमेलीटार, धादिङमा घाटगद्दी भएका तपसिल बमोजिमका वन पैदावार गोलिया (काठ) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले पहिलो पटक यो सुचना प्रकाशित गरिएको छ। वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं.मा दर्ता भई सूचीकृत भएका इच्छुक फर्म, स:मिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र जिल्ला डिभिजन वन कार्यालय धादिङ वा यस समूहबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र यस वितलब सामुदायिक वन उपभोक्ता समूह, गजुरी गा.पा. वडा नं. २, धादिङमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। थप जानकारीको लागि कार्यालयमा प्रकाशित विस्तृत सूचना हेर्नु हुन अनुरोध छ।

तपसिल

| लट नं. | जात | थान | ग्रेड | परिमाण क्यू. (क्यु.फि.) | न्यूनतम मूल्य रू. | संकलन खर्च |
|---|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | खोटेसल्ला | ५ | A | ७१.६१ | १७,९०२.५ | नियमानुसार |
| | खोटेसल्ला | ९८ | B | ५८२.०५ | ८७,३०७.५ | |
| | | १०३ | | ६५३.६६ | १०५२१०।- | |

थप जानकारीको लागी: श्री राजन कँडेल, अध्यक्ष सम्पर्क नं . ९८५११०३७१७


## बागमती प्रदेशसभा बैठक : पूर्वाधार विकासमा जोड दिने मन्त्री तामाङको प्रतिबद्धता

मकवानपुर। बागमती प्रदेशसभाको मंगलबार बसेको बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानित बजेटमाथिको छलफलभन्दा अघि बजेट प्रतिवेदन प्रस्तुत गर्नुभएको छ। सो अवसरमा उहाँले फजुल खर्च कम गरेर भौतिक पूर्वाधार विकासमा जोड दिने प्रदेश सरकारको लक्ष्य रहेको बताउनुभयो।

विगतका सरकारले प्रदेशका १३ जिल्लामा बहुवर्षीय र विभिन्न टुक्रे योजनासमेत गरी २४ हजारको हाराहारीमा पुर्याएका त्यसलाई हटाएर करिब १३ हजारमा सिमित गरेको उहाँले जानकारी दिनुभयो। मन्त्री तामाङले प्रदेशको विभिन्न जिल्लामा स्थायी बसोबास गरेका विपन्न दलित समुदायका एक हजार परिवारलाई जनता आवास कार्यक्रमअन्तर्गत पक्की घर निर्माण गरी चालु आवभित्रै सम्बन्धित परिवारलाई हस्तान्तरण गर्ने लक्ष्य रहेको बताउनुभयो।

उहाँले बागमती प्रदेशमा मौजुदा मुख्यमन्त्री तथा अन्य मन्त्रालय गरी १४ वटा रहेकामा आगामी साउन महिना पहिलो हप्तादेखि मन्त्रालयको सङ्ख्या १४ बाट घटाएर मुख्यमन्त्री सहित ८ वटा मन्त्रालयको संरचना राख्ने मन्त्रीपरिषद्ले निर्णय गरिसकेको जानकारी दिनुभयो।

मन्त्री तामाङले सोही बैठकमा प्रदेश सरकारले आव २०८३/८४ को लागि ल्याइएको बजेट दलगत स्वार्थभन्दा माथि रहेर सबै वर्ग समुदायको लागि विभिन्न योजना सन्तुलित रूपमा कार्यान्वयन गर्दै लैजाने बताउनुभयो। प्रदेशसभाको उपसभामुख अप्सरा चपागाईंले यही असार १७ गते बिहान ११ बजे बस्ने गरी आजको बैठक स्थगित गरेको जानकारी गराउनुभयो।

## साउदी अरब सरकारद्वारा ३३ जना नेपाली कैदीबन्दीलाई आममाफी

काठमाडौं। नेपाल सरकारले पवित्र रमजान १४४७ हिजरी (२०२६) को अवसरमा ३३ (तेत्तीस) जना नेपाली कैदीबन्दीलाई शाही आममाफी प्रदान गरेकामा साउदी अरब अधिराज्यको सरकारप्रति मंगलबार कृतज्ञता तथा प्रशंसा व्यक्त गरेको छ।

नेपाल सरकारले यस उदार कदमलाई नेपाल र साउदी अरब अधिराज्यबीच विद्यमान दीर्घकालीन मित्रता, सद्भाव तथा सौहार्दपूर्ण द्विपक्षीय सम्बन्धको प्रतिबिम्बका रूपमा उच्च मूल्याङ्कन गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

यो आममाफी रियादस्थित नेपाली दूतावासमार्फत नेपाल सरकारले गरेको अनुरोधपश्चात प्रदान गरिएको हो। उक्त कैदीबन्दीहरू साउदी अरबको कानुनी प्रक्रिया पूरा भएपछि नेपाल फर्किने मन्त्रालयद्वारा आज जारी विज्ञप्तिमा उल्लेख छ।

## सम्पादक मिश्रलाई चार महिना कैद

काठमाडौं। जिल्ला अदालतल काठमाडौँले गाली बेइज्जती मुद्दामा राजधानी दैनिक तत्कालीन सम्पादक सरोज मिश्रलाई चार महिना कैद हुने फैसला गरेको छ।

न्यायाधीश आत्मदेव जोशीको इजलासले तत्कालीन सम्पादक मिश्रलाई चार महिना कैदका साथै रु एक हजार जरि वाना र रु दुई लाख ५० हजार क्षतिपूर्ति माग गर्ने फैसला गरेको हो। अदालतले हालै सार्वजनिक गरेको फैसलाको पूर्णपाठमा तत्कालीन सम्पादकसहित राजधानी दैनिक पत्रिकालाई पनि रु दुई लाख ५० हजार क्षतिपूर्ति माग गर्ने आदेश गरेको छ।

राजधानी दैनिकले २०८० साल साउन ६ गते प्रकाशन गरेको 'सेनाका कानुनतर्फका तीन कर्नेलको मनपरी' विषयक समाचारले चरित्रहत्या गरेको भन्दै शोभा कार्कीले गाली बेइज्जतीसम्बन्धी मुद्दा दायर गर्नुभएको थियो। उक्त मुद्दाको सुनुवाइ गर्दै अदालतले उक्त फैसला गरेको हो।

## उपाध्यक्ष पौडेलको बन्दीप्रत्यक्षीकरणको मुद्दामा सक्कल मिसिल झिकाउने आदेश

काठमाडौं। सर्वोच्च अदालतले नेकपा (एमाले) का उपाध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री विष्णुप्रसाद पौडेलको बन्दीप्रत्यक्षीकरण रिट निवेदनमाथि सुनुवाइ गर्दै विशेष अदालतमा विचाराधीन सम्पत्ति शुद्धीकरण मुद्दाको सक्कल मिसिल झिकाउन आदेश गरेको छ।

न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र मेघराज पोखरेलको संयुक्त इजलासले नेकपा (एमाले) उपाध्यक्ष पौडेलकी पत्नी दोमाया पौडेलले गैरकानुनीरूपमा थुनामा राखिएको उल्लेख गर्दै बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमाथि सुनुवाइ गर्दै आज उक्त मिसिल झिकाउन आदेश गरेको हो।

रिट निवेदनमा विशेष अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र जिल्ला प्रहरी कार्यालय, सुर्खेतलाई विपक्षी बनाउँदै गैरकानुनी थुनामुक्त गर्न माग गरिएको थियो। अदालतले मुद्दाको अभियोग पत्रसहितको सक्कल फाइल इजलास समक्ष देखाइ फिर्ता लैजाने गरी सम्बन्धित अदालतबाट झिकाइ मिति यही असार १८ गते पेशी तोक्न भनेको छ। आदेशमा रिट निवेदनसँग सम्बन्धित तथ्य र प्रमाणको समग्र अध्ययनका लागि विशेष अदालतबाट दीपक भट्ट प्रतिवादी रहेको सम्पत्ति शुद्धीकरण मुद्दाको सक्कल मिसिल, भट्टकै बैंकिङ कसुर मुद्दा पाटनबाट झिकाउन भनिएको छ। आशिष श्रेष्ठसमेत रहेको बिमासम्बन्धी कसुर मुद्दाको काठमाडौं जिल्ला अदालतबाट सक्कल मिसिल झिकाउने, सुलभ अग्रवालसमेत भएको धितोपत्रसम्बन्धी कसुरको मुद्दाको सक्कल मिसिल काठमाडौं जिल्ला अदालतबाट झिकाउन भनिएको छ।

## परराष्ट्रमन्त्री खनालसँग रूसी राजदूतको भेट

काठमाडौं। परराष्ट्रमन्त्री शिशिर खनालसँग नेपालका लागि रूसी महासङ्घका नवनियुक्त राजदूत अलेक्सेई भ्लादिमिरोभिच सुरोभ्त्सेभले शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

मन्त्रालयमा भएको भेटवार्तामा उहाँहरूबीच नेपाल-रूस सम्बन्धका विभिन्न विषयहरूबारे छलफल भएको मन्त्रालयले जनाएको छ। साथै दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पूरा भएको अवसरमा गरिने कार्यक्रमहरू तथा रूसी सेनामा रहेका नेपाली नागरिकसम्बन्धी विषयहरूमा विचार विमर्श भएको हो। यस खालका कार्यले आगामी दिनमा पनि निरन्तरता पाउने अपेक्षा गरिएको छ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com